राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक १३ २०८२ साउन १४ गते बुधवार (30 July 2025) पृष्ठ ४ मूल्य रु. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## जनकपुरधाममा बालिकाको हत्या, दुईजना गम्भीर



दैनिक समाचारदाता
जनकपुरधाम, १३ साउन । जनकपुरधाम उपमहानगरपालिका(४ मा धारिलो हतियार प्रहार गरी एक बालिकाको हत्या गरिएको छ भने र दुईजना घाइते भएका छन् ।

कटैयाचौरी भन्ने स्थान नजिक भएको सो घटनामा बटेश्वर गाउँपालिका(५ शान्तिपुरका दिनेश यादवकी १४ वर्षीया छोरी अञ्चली यादवको मृत्यु भएको प्रहरीले जनाएको छ । अञ्चलीकी आमा ३६ वर्षीया आशा यादव र आशाकी १५ वर्षीया भतिजी राधा यादव घाइते छन् । उनीहरुलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरमा भर्ना गरिएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार सूर्यनन्द चौधरीको एकतले पक्की घरमा डेरा गरेर बस्ने धनुषाको क्षीरेश्वरनाथ नगरपालिका(९ इच्छापुरका ३५ वर्षीय रामबाबु साहले सोमबार राति ती तीनै जनामाथि खुकुरी प्रहार गरेका थिए । आशाको टाउको र शरीरको विभिन्न भागमा घाउ लागेको छभने राधाको दाहिने घुँडा र दाहिने हात काटिएको छ । अञ्चली जनकपुरमा डेरा गरी आमासँग बसेर पढिरहेकी थिइन् । साह आफ्नै श्रीमतीको हत्या अभियोगमा पाँच वर्ष जेल सजाय काटेका व्यक्ति हुन् । मधेश प्रदेश प्रहरी प्रमुख उमा चतुर्वेदीले घटनाको अनुसन्धान भइरहेको र हत्या अभियुक्तको खोजी भइरहेको जानकारी दिनुभयो ।

## भूमि विधेयकको विरोधमा कालोपट्टी सहित चुरे बचाउन सडकमा सुनिल यादव

दैनिक समाचारदाता
जनकपुरधाम, १३ साउन । चुरे तथा वनजंगल संरक्षण अभियानका संयोजक सुनिल यादवले प्रतिनिधिसभामा छलफलको क्रममा रहेको भूमि व्यवस्थापन विधेयकको विरोधमा अनौठो तरिकाले प्रदर्शन गरेका छन् । उनले आँखामा कालोपट्टी बाँधेर नगर परिक्रमा गर्दै जनकपुरधामका विभिन्न स्थान घुमेर सरकारको ध्यानाकर्षण गराएका हुन् ।

विगत लामो समयदेखि चुरे क्षेत्र र वनजंगल संरक्षणका पक्षमा सक्रिय यादवले जनक चोक, भानु चोक, मिल्स एरिया हुँदै प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसम्म कालोपट्टी सहितको मौन यात्रा गरेका थिए । उनले प्रदेश सरकारका उपसचिव वासुदेव मल्ललाई सात बुँदे ज्ञापनपत्र बुझाउँदै संसदमा पेश भएको भूमि व्यवस्थापन सम्बन्धी विधेयक तत्काल फिर्ता लिन माग गरेका छन् । उनको भनाइमा, “यदि उक्त विधेयक पारित भयो भने, भू(माफियाहरूको पकड चुरे क्षेत्रमा बलियो बन्नेछ र प्राकृतिक श्रोतहरूमा अनियन्त्रित दोहन हुनेछ। यसले अन्ततः सरकारी वन क्षेत्रको विनाश र मधेश क्षेत्रको मरुभूमिकरणलाई तिव्र बनाउनेछ ।”




### प्रमुख मागहरू :

- भूमि व्यवस्थापन विधेयक फिर्ता गर्नुपर्ने,
- चुरे क्षेत्रको दोहन नियन्त्रण गर्न विशेष कानुनी प्रवन्ध मिलाउने,
- खानेपानीका लागि दिगो योजना निर्माण र कार्यान्वयन, खडेरीपीडित किसानहरूलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने,
- प्राकृतिक श्रोत संरक्षणका लागि प्रदेश सरकार गम्भीर बन्नुपर्ने।

यादवले चुरे दोहनका कारण जलस्रोत सुक्दै गएकाले मधेश जल संकटतर्फ उन्मुख भएको उल्लेख गरे। उनले भूमि व्यवस्थापन विधेयक चुरे क्षेत्रको लागि खतरनाक भएको भन्दै यसको तुरुन्त फिर्ता माग गरे ।

उनले बुझाएको ज्ञापनपत्रमा खानेपानी व्यवस्थापन अन्तर्गत अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना निर्माण गरी कार्यान्वयनको लागि स्पष्ट घोषणा र बजेट सुनिश्चितता गर्न आग्रह गरिएको छ। साथै, मधेश प्रदेशलाई सुख्खा, खडेरी र जलसंकटग्रस्त क्षेत्र घोषणा गरिएको भए पनि किसानहरूलाई तत्काल राहत र क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने माग पनि उठाइएको छ ।

यादवको यस्तो सांकेतिक प्रदर्शनले प्रदेश सरकार र संघीय सरकार दुवैलाई चेतावनी दिने प्रयास गरेको छ कि, यदि चुरे क्षेत्र जोगाउन तत्काल प्रभावकारी कदम चालिएन भने मधेशवासीहरू जलविनाको जीवन तर्फ धकेलिनेछन्।

## प्रधानमन्त्रीको भारत भ्रमणमा व्यापार समाधानको एजेण्डा

दैनिक समाचारदाता
काठमाडौं, १३ साउन । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले प्रधानमन्त्री केपी शर्मा ओलीको आगामी भारत भ्रमणका क्रममा व्यापार क्षेत्रमा देखिएका समस्या समाधानका लागि उच्च तहमा वार्ता गर्नेगरी तयारी भइरहेको बताउनुभएको छ ।


‘नेपाल फ्रेट फरवार्डस् एसोसिएसन’ले ३१औँ कार्गो दिवसका अवसरमा आज यहाँ आयोजना गरेको कार्यक्रममा मन्त्री भण्डारीले व्यापार समस्या समाधानका विषयमा प्रधानमन्त्री ओलीलाई जानकारी गराउनेगरी मन्त्रालयको कार्यक्रम तय भएको बताउनुभयो । प्रधानमन्त्री ओलीको भारत भ्रमणका क्रममा व्यापार प्रवर्द्धनका विषयमा पनि वार्ता हुने उहाँले बताउनुभयो । नेपालको पहिलो बजार छिमेकी देश भारत र चीन भएकाले दुवै देशबीच हुने व्यापार समस्या समाधान गर्न सरकारले काम गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो ।



दुवै देशबीच व्यापारको स्तरवृद्धि हुनेगरी काम गर्न मन्त्रालयले पहल गरिरहेको मन्त्री भण्डारीले बताउनुभयो । अरूका वस्तु खरिद गरेर मात्र व्यापार नहुने उल्लेख गर्दै उहाँले आफ्नो देशका उत्पादन विदेशमा निर्यात गरेर बिक्री बढाउने वातावरण बनाउने गरी काम भइरहेको बताउनुभयो ।

महालेखा नियन्त्रक शोभाकान्त पौडेल, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल, नेपाल उद्योग परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डे, आयोजक संस्थाका अध्यक्ष राजेन्द्र सङ्ग्रौलालगायतले नेपालले अन्य देशसँग गरिरहेको व्यापार प्रवर्द्धन गरिनुपर्नेमा जोड दिनुभयो ।


अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

समाचार दैनिक



## सम्पादकीय

# आशाको मुस्कान र दीर्घ समाधानको प्रश्न

मधेश प्रदेशका जिल्लाहरूमा सोमबार परेको वर्षाले किसानहरूमा आशा र उत्साहको सञ्चार गर्‍यो। लामो खडेरीपछि थोरै मात्रामा भए पनि परेको पानीले कृषकका मुहारमा मुस्कान ल्यायो। तर त्यो मुस्कान धेरै समय टिक्न सकेन। मंगलवार परेको चर्को गर्मीले किसानको पुनर्जीवित आशालाई फेरि निराशामा परिणत गरिदियो। यस वर्ष मधेशमा गम्भीर खडेरी परेको छ। संघ र प्रदेश सरकारले यस क्षेत्रलाई 'सुख्खाग्रस्त' घोषणा गरिसकेका छन्, तर अझैसम्म किसानहरूले प्रत्यक्ष राहत महसुस गर्न सकेका छैनन्।

सोमबारको झरी किसानका लागि मृतप्रायः आशामा जीवन फर्किएको क्षण थियो। परम्परागत रूपमा असार-साउनमा हुने वर्षा यो पटक समयमा भएन। जसका कारण न खेतमा रोपाइँ गर्न सम्भव भयो, न रोपिएको बालीलाई बचाउन पर्याप्त पानी प्राप्त भयो। सिँचाइका परम्परागत स्रोतहरू–नहर, मोटरपम्प, कुलो–सबै सुक्खा भइसकेका थिए। यस्तो विकट अवस्थामा सोमबारको वर्षाले कृषकका अनुहारमा खुसी र मनमा आशा बोकेको थियो।

सर्लाही, बारा, रौतहट, महोत्तरी, धनुषा, सिरहा र सप्तरीजस्ता पूर्वी तराईका जिल्लाहरूमा धान खेती प्रायः वर्षामै निर्भर छ। यहाँका किसानहरू अझै पनि आकाशे पानीकै भरमा जीवन निर्वाह गर्दै आएका छन्। जलवायु परिवर्तनका कारण वर्षा ढिलो हुनु, असमान ढाँचामा हुनु वा अत्यधिक कम हुनु जस्ता समस्या बढ्दै गएका छन्। यही चिन्ताले यो वर्ष पनि कृषकहरूलाई अत्यन्त असहज बनाएको थियो। तर आइतवारदेखि बदि्लएको मौसम र सोमबारको प्रभावकारी झरीले आशाको किरण देखाएको छ।

सर्लाहीको हरिपूर्वाका किसान बिलास राय भन्छन्, "यदि सोमबार पानी परेको नभएको भए सारा बाली सुक्ने थियो।" उनको यो भनाइले वर्षाको महत्व र त्यसको प्रतीक्षामा बिताएका कठिन दिनहरूको तस्बिर कोर्छ। वर्षाले न केवल खेतमा हरियाली ल्यायो, कृषकको मनमा पनि हरियाली छर्‍यो।

कृषि ज्ञान केन्द्रका प्रमुखका अनुसार अझै रोपाइँ बाँकी रहेका क्षेत्रमा पनि अब बाली लगाउने सम्भावना बढेको छ। कुलो र खोलाहरूमा पानी बढेसँगै सिँचाइका वैकल्पिक उपायहरू सक्रिय हुने आशा गरिएको छ। यसले तत्कालीन बालीलाई मात्र नभई आगामी उत्पादनमा पनि सकारात्मक असर पार्नेछ।

तर प्रश्न उठ्छ–के हामी हरेक वर्ष आकाशे पानीको भरमा मात्र कृषिमा आशा राख्ने? एक दिनको झरीले तत्कालीन राहत त दिएको छ, तर यो दीर्घकालीन समाधान होइन। मधेशजस्तो समथर र उर्वर भूभागमा भरपर्दो सिँचाइ संरचना, वर्षा पानी संकलन, जलस्रोत संरक्षण, र कृषि नवप्रविधिको प्रयोग अपरिहार्य आवश्यकता हो। सस्तो श्रम र उच्च जोश भएका किसानहरूलाई प्रविधि, पूर्वाधार र सुरक्षा नदिएसम्म कृषि आत्मनिर्भर बन्न सक्दैन।

प्रदेश सरकारले 'सिँचाइ सुनिश्चितता'लाई नीति निर्माणको केन्द्रमा राख्दै दीर्घकालीन समाधानतर्फ अग्रसर हुन आवश्यक छ। जलवायुअनुकूल कृषि प्रणाली, कृषकमैत्री योजना, र स्थानीय स्रोतमा आधारित जलस्रोत संरक्षणको संयोजनबाट मात्र हामी दीगो कृषि प्रणाली निर्माण गर्न सक्छौं। साना सिँचाइ आयोजनामा सरकार र समुदायको सहकार्य अनिवार्य देखिन्छ।

यसपटकको झरीले कृषिमा आशाको संकेत त दिएको छ, जनजीवनलाई पनि केही सहज बनाएको छ। तर, हामीले खेती प्रणालीलाई मात्र वर्षाको भरोसामा छाड्ने सोचबाट अब बाहिर निस्कनु जरुरी छ। प्रकृतिको कृपा सधैं भरपर्दो हुँदैन; योजनाबद्ध रणनीति र प्रविधियुक्त समाधानले मात्रै यसको जोखिम न्यूनीकरण गर्न सकिन्छ।

अन्ततः, आकाशे वर्षाको एक झल्कोले कृषकको अनुहारमा ल्याएको मुस्कानले हामीलाई सम्झाउँछ–सिँचाइ, जलप्रबन्धन र मौसमअनुकूल कृषि नीति कति महत्वपूर्ण छन्। यो वर्षाको घटना मात्र राहत होइन, चेतावनी पनि हो–समस्या क्षणिक रूपमा टर्‍यो, तर समाधान अझै बाँकी छ।

# विभेद र छुवाछूतको स्वरुप बदलिएको छः उपाध्यक्ष सोब



*दलित महिला सङ्घ (फेडो) को संस्थापक अध्यक्ष दुर्गा सोब हाल नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का उपाध्यक्ष हुनुहुन्छ । उपाध्यक्ष सोबले दलित महिलाको आर्थिक, सामाजिक र राजनीतिक अधिकारका निम्ति ३१ वर्ष अघि फेडो स्थापना गर्नुभएको थियो । उहाँ हाल सो संस्थाको संरक्षक हुनुहुन्छ । दलित समुदायले भोग्दै आएको जातीय भेदभाव तथा छुवाछूत समस्या, समग्र दलित महिलाको अवस्था, सरकार र संसद्मा दलित महिलाको प्रतिनिधि र दलित महिलाको संवैधानिक अधिकार तथा कार्यान्वनको अवस्थालगायतका समसामयिक विषयमा राससका समाचारदाता सुशील दर्नालले उपाध्यक्ष सोबसँग गर्नुभएको कुराकानीको सम्पादित अंशः*

***आजभोलि केमा व्यस्त हुनुहुन्छ ?***

म एउटा सामाजिक र राजनीतिक अभियन्ता हुँ । अहिले राजनीतिमै व्यस्त छु । अलिकति वैकल्पिक, अग्रगामी बाटोमा देशलाई लैजानुपर्छ भन्नेमा मेरो सोच छ । देशमा विकास, समृद्धि र सुशासनका मुद्दालाई लिएर राजनीतिमा सक्रिय छु । अर्को, जात व्यवस्थाका कारण एउटा सिङ्गो दलित समुदाय हरेक क्षेत्रमा पछाडि परेको छ । त्यसभित्र पनि लैङ्गिक विभेदमा परेका दलित महिलाको अवस्था हरेक हिसाबले कमजोर छ । विगत ३०/३५ वर्षदेखि उनीहरुको उत्थानका निम्ति काम गर्दै आएकी छु ।

***तपाईंले स्थापना गर्नुभएको संस्था फेडोले ३१ वर्ष पूरा गरेको छ, यो अवधिलाई कसरी समीक्षा गर्नुहुन्छ ?***

जतिबेला हामीले यो संस्थाको स्थापना गरेका थियौँ, त्यतिबेला देशमा भर्खरै प्रजातन्त्र पुनर्बहाली भएको थियो । हाम्रो देश हिमाल, पहाड, तराई र विभिन्न जातजाति, धर्म भएको देश हो । प्रजातन्त्रको पुनर्बहाली भएपछि सबै सीमान्तकृत सुमदाय आफ्नो हक अधिकारका निम्ति गोलबन्द हुन थालेका थिए । दलित, मधेशी, आदिवासी/जनजाति र महिलाहरु आफ्नो अधिकारका निम्ति सङ्गठित भए । तर, दलित र महिला आन्दोलनले जातीय, लैङ्गिक विभेदमा परेका दलित महिलाको विषयलाई उठाउन सकेन । त्यतिबेलाको अवस्थामा दोहोरो, तेहोरो शोषणमा परेका दलित महिलाका निम्ति काम गर्ने छुट्टै संस्थाको आवश्यकता महसुस गरी फेडोको स्थापना गरिएको हो । तर, त्यतिबेला धेरै कारणले संस्था खोल्ने कुरा सहज थिएन । विकासका क्षेत्रमा काम गर्ने सङ्घसंस्था पनि थिएनन् । हामीसँग कुनै ज्ञान, सीप वा क्षमता पनि थिएन । अन्योलताको बाबजुद यो संस्था खोलेर दलित महिलालाई सङ्गठित गरिएको हो । त्यतिबेला र अहिले धेरै फरक भइसकेको छ । देशको राजनीतिक व्यवस्था परिवर्तन भएको छ । विज्ञान प्रविधिको विकास भएको छ । हामी 'डिजिटल' युगमा आइसकेका छौँ ।

***जातीय भेदभाव तथा छुवाछूतका घटनामा कमी आएको हो ?***

जातीय भेदभाव तथा छुवाछूतमा खासै परिवर्तन आएको छैन, खाली स्वरुप मात्र बदलिएको हो । त्यतिबेला घरघरमा खानेपानीको धारा थिएन । सबैले एउटै कुवाको पानी खानु पर्थ्यो । कुवामै विभेद गरिन्थ्यो । बरु त्यतिबेला दलितहरु मारिँदैन थिए । तर, अहिले जातीय भेदभाव तथा छुवाछूतको घटनामा धेरै दलित मारिएका छन् । पानी छोएको, चुल्हो छोएको वा अन्तरजातीय विवाह गरेका कारण दलित मारिनु परेको छ । मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा आइसक्दा पनि राज्यको नीति निर्माण तहमा दलितहरु पुग्न सकेका छैनन् । यसको एउटै कारण जातीय भेदभाव तथा छुवाछूत नै हो । समय परिवर्तन भयो, तर मान्छेको सोच परिवर्तन हुन सकेन । जहाँ प्रत्यक्ष विभेद हुन्छ, त्यहाँ प्रतिकार हुने भएकाले अहिले मनोवैज्ञानिक रुपमा विभेद गरिन्छ ।

***दलित महिलाको अवस्थालाई कसरी विश्लेषण गर्नुहुन्छ ?***

विगत ३०/३१ वर्षको अवस्था र अहिलेको अवस्थामा फरक छ । दलित महिलाको हकमा जेजति उपलब्धि भएका छन् । त्यो विगत ३०/४० वर्षदेखिको निरन्तर सङ्घर्षको प्रतिफल हो । अहिले प्रत्येक वडामा एक जना दलित महिलाको प्रतिनिधित्व छ । सङ्घीय संसद्मा पनि आठ जना दलित महिलाको प्रतिनिधित्व छ । प्रदेशमा केही न केही दलित महिलाको प्रतिनिधित्व छ । तर, यो नै पर्याप्त होइन । दलित महिलाको जनसङ्ख्याका आधारमा प्रतिनिधित्व हुन सकेको छैन । अहिले दलितभित्र दलित महिलाको कुरा उठ्दैन । महिलाभित्र पनि दलित महिलाको कुरा उठ्दैन । त्यसकारण उपलब्धिलाई बचाउँदै थप अधिकारका लागि एकीकृत रुपमा सङ्घर्ष गर्नुपर्छ । देशैभरिका दलित महिला सशक्त भएका छन् । आर्थिक रुपमा बलियो हुनुपर्छ भन्ने जागुरुकता दलित महिलामा आएको छ । अधिकारका निम्ति सङ्घर्ष गर्नुपर्छ भन्ने चेतनाको विकास भएको छ ।

***सङ्घीय संसद्मा दलित महिलाको प्रतिनिधित्व बढाउन के गर्नुपर्छ ?***

पहिलो कुरा, दलित समुदायबारे संवैधानिक व्यवस्थालाई एकीकृत कानून बनाएर कार्यान्वयन गर्नुपर्छ । जसरी प्रत्येक वडामा एक जना दलित महिलाको प्रतिनिधित्वलाई बाध्यकारी बनाइएको छ, त्यसरी नै राज्यका अन्य निकायमा पनि दलित महिलाको प्रतिनिधित्व बढाउन कानुनी रुपमा बाध्यकारी व्यवस्था गर्नुपर्छ । ३३ प्रतिशतभित्र पनि दलित महिलाको प्रतिनिधित्व हुनुपर्‍यो । महिलाले पाउने ३३ प्रतिशतलाई १०० प्रतिशत मानेर त्यसभित्र दलित महिलाको जनसङ्ख्याका आधारमा प्रतिनिधित्व गराउनुपर्छ । त्यसरी राज्यका सबै संरचनामा दलित महिलाको जनसङ्ख्याका आधारमा प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ ।

***सरकारमा अहिलेसम्म दलित महिलाको प्रतिनिधित्व किन नभएको होला ?***

दलित महिला अहिलेसम्म क्याबिनेट मन्त्री भएका छैनन् । सरकारमा दलित महिलाको सहभागिता हेर्दा २०६६ सालमा दलित महिलाबाट पहिलोपटक कलावती पासवान भौतिक पूर्वाधार तथा निर्माण सहायकमन्त्री बन्नुभएको थियो । त्यसपछि २०६८ सालमा रजनी राम (राज्यमन्त्री), धनमाया विक (राज्यमन्त्री), विमला विक (राज्यमन्त्री), आशा विक (राज्यमन्त्री), सुशीला श्रीपाली ठकुरी (राज्यमन्त्री) र रुपा विक (राज्यमन्त्री) बन्नुभएको छ । त्यसकारण मन्त्रिपरिषद्मा दलित महिलालाई ल्याउन कानुनी व्यवस्था हुनुपर्छ । अर्को कुरा, सबै पार्टीहरुले दलित महिलालाई पार्टीको निर्णायक तहमा अवसर दिनुपर्छ । निर्वाचनको समयमा दलित महिलाका लागि टिकट दिनुपर्छ । सरकारमा दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न मुख्य कुरा राजनीतिक दलका शीर्ष नेताको सोचमा परिवर्तन आउन जरुरी छ ।

***दलित महिलाको सवालमा संविधान पूर्ण छ ?***

समग्र दलितको सवालमा संविधान आधा गिलास खाली र आधी गिलास भरी जस्तो छ । हामीले भएका व्यवस्थालाई कार्यान्वयनमा लैजानु पर्छ । संविधानमा एकदमै राम्रा व्यवस्था छन् । त्यसमा सामाजिक सुरक्षा, सामाजिक न्याय र समानताको कुरा पनि छ । धारा ४२ र ४० मा दलितबारे व्यवस्था गरिएको छ । तर, कार्यान्वयन हुन सकेको छैन । संविधानको धारा १६, १८ र ४२ लाई कार्यान्वयन गर्न सकेको खण्डमा दलित महिलाका केही विषय पूरा हुन्छ । त्यसकारण दलित महिलाको सवालमा संविधानमा केही प्रावधान छन् । त्यसको पूर्णरुपमा कार्यान्वयन गर्नुपर्छ । दलित महिलाको सवालमा संविधानलाई पूर्ण बनाउन संशोधनमार्फत केही विषय समावेश गर्नुपर्ने छ । रासस

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |


कैलास दास

## अनितारानी मण्डल

# मिथिलाकी मञ्च नारी



नेपालको रंगमञ्चमा मिथिला क्षेत्रको नाम झल्काउने केही गनिएका नामहरूमा पर्छिन्, वरिष्ठ कलाकार अनितारानी मण्डल । एक सामान्य गाउँबाट यात्रा सुरु गरेकी यी साधारण तर अडिग महिलाले मैथिली रंगकर्ममा नारीको उपस्थिति मात्र गराइनन्, यो उपस्थिति स्थायी पनि बनाइन् । नाट्यकला, गीत(संगीत, सामाजिक चेतना र भाषिक पहिचानका लागि झण्डा बनेकी अनितारानीको जीवन कथा केवल व्यक्तिगत सफलता होइन(यो मिथिला र मैथिली भाषाको अस्तित्व र आत्मसम्मानको लडाइँ हो ।

बि.सं. २०६२ सालमा मिथिला नाट्यकला परिषदद्वारा तालिम लिएकी रानी भन्छिन्(पहिलो नाटक 'हाय रे हमर घरवाली'(जहाँ अनितारानीले पहिलो पटक रंगमञ्चमा पाइला टेकिन् । त्यो पात्र एक महिलाको थियो, जुन चरित्रलाई ग्रामीण समाजमा महिला कलाकारले निभाउनु त्यति सहज थिएन । खासगरी मधेशको ग्रामीण परिवेशमा जहाँ महिलालाई अझै घरको चौकाबाट बाहिर निस्कन सामाजिक अनुमति हुँदैन, त्यहाँ मञ्चमा उभिएर अभिनय गर्नु भनेको एक प्रकारको क्रान्तिकारी कदम थियो । तर जब दर्शकले उनको अभिनय हेरे, ताली मात्र बजेन, चर्चा गाउँ(गाउँसम्म फैलियो । सोही दिन उनले आफूभित्रको कलाकार फेला पारिन(जसको यात्राले आज तीन दशक पार गरिसकेको छ ।

त्यो समय थियो जब मधेशका गाउँ(गाउँमा जनचेतना अत्यन्तै न्यून थियो । शिक्षादर न्यून, सञ्चारका साधन सीमित । त्यस्तो बेला चेतना फैलाउने एक मात्र प्रभावकारी माध्यम थियो(सडक नाटक । र यही आन्दोलनमा अनितारानी अग्रसर भइन् । उनी भन्छिन्, 'तत्कालीन समयमा महिलालाई नाटक खेल्न समाजले पचाई रहेको थिएन । त्यसमा पनि ग्रामिण क्षेत्रकी महिलालाई अत्यधिक चुनौती नै थियो ।'

तर अनिताको अगाडि चुनौतीभन्दा ठूलो लक्ष्य थियो( समाजमा परिवर्तन ल्याउने । अभिनय केवल मनोरञ्जनको साधन थिएन, त्यो त गाउँका अँध्यारामा मैनबत्ती बलेको जस्तै थियो । उनले अभिनय गरेका नाटकहरू सामाजिक विकृति, लैङ्गिक असमानता, दाइजो प्रथा, छुवाछूत जस्ता विषयमा आधारित हुन्थे ।

कलाकारिता त्यति सहज पेशा होइन, जब तपाईं महिलाको रूपमा एक रूढीवादी समाजमा प्रवेश गर्नुहुन्छ । सुरुमा गाउँका केही मानिसहरू उनको विरोधमा थिए । तर एक पक्ष उनको लागि सधैं साथमा थियो(उनका बाबुआमा । बुवा राजेशप्रसाद मण्डल र आमा चन्द्र देवी मण्डल न त उनलाई रोक्न खोजे, न त डराए । बरु उनीहरू नै थिए, जसले हौसला दिए, ढाडस बाँधे ।

पछि जीवनसाथी सतिश मण्डल पनि उनीकै यात्रामा सहयात्री बने । उनी भन्छिन( 'कलाकारिता क्षेत्रमा अगाडि बढ्नमा मेरो श्रीमानको पनि महत्वपूर्ण सहयोग रह्यो र रहँदै आएको छ ।' वैवाहिक जीवन र कलाकारिताको सन्तुलन मिलाउनु सजिलो थिएन, तर उनीहरूले एक अर्कालाई बुझेर कलाकारिताको स्वाभाविक विकास गर्न दिए ।

विहेपछि उनी नाटक लगायतको मात्रमा कहिले आमा, कहिले वहिनी त कहिले सासु, भाउजु लगायतको भूमिका हुन्छिन ।



अनितारानीको जीवनमा एक महत्वपूर्ण नाम हो(वरिष्ठ नाटककार महेन्द्र मलंगिया । उनी उनलाई गुरु मान्छिन् । महेन्द्र सरका नाटकहरूमा अभिनय गर्नु, त्यसपछि मिथिला नाट्यकला परिषद् (मिनाप) जस्तो प्रतिष्ठित संस्थासँग आवद्ध हुनु उनको यात्राको अर्को उचाइ थियो । 'छुतहा घैल', 'गाम नै सुतैय' जस्ता नाटकहरूमा महिला पात्रका रूपमा उनले जुन जीवन्तता देखाइन्, त्यसले उनलाई मैथिली रंगमञ्चमा सशक्त महिला कलाकारका रूपमा स्थापित गरायो ।

मिनापमा संलग्न भएपछि उनले धेरै रंगकर्मी, लेखक र संगीतकर्मीहरूसँग सहकार्य गरिन् । यसले उनको अभिनय क्षमतालाई मात्र होइन, सामाजिक चेतनामूलक विषयहरूप्रतिको बुझाइलाई पनि अझ गहिरो बनायो ।

उनी स्वीकार गर्छिन(मैथिली रंगकला बीचमा कहिले काहीँ थाकेजस्तो भयो । नयाँ कलाकारहरूको अभाव, लगानी नहुनु, मञ्चको संकटले वातावरण केही सुनसान बनायो । तर हाल पुनः युवा पुस्ताको उत्साह र समर्पणले मैथिली कलाकारितामा नयाँ ऊर्जा ल्याएको छ । यद्यपि, विषयवस्तुमा परिवर्तन आएको छ । उनले देखेकी कलाकारिता समाज परिवर्तनको औजार थियो, अहिलेको मनोरञ्जन केन्द्रित छ ।

उनी भन्छिन('मैथिली कलाकार भएपनि यहाँको विषयवस्तु कम र बाहिरको बढी हुन्छ । यो चिन्ताको विषय हो ।' मैथिली क्षेत्रमा अभिनय गर्ने कलाकारमा ह्रासमेन्ट आएको छ । युट्युवमा आफ्नो लाइक र फलोवर बढाउनका लागि जे पनि गर्न तयार देखिन्छ । त्यो कलाकार भित्रको विकृति हो । कलाकार जहिलेपनि सभ्य रुपमा प्रस्तुत हुनुपर्छ । समाजमा नयाँ पहिचान स्थापित गर्नुपर्छ । समाजभित्रको विकृतिलाई हटाउनुपर्छ ।'

नेपालमा मैथिली भाषा दोस्रो सबैभन्दा धेरै बोलिने भाषा हो । तर सरकारी नीतिमा यसको उपस्थिति लगभग नदेखिने जस्तो छ । 'मैथिली र मिथिला समृद्ध छ । यहाँका संस्कृतिलाई विश्वलाई जनाउन सकेन ! यो नै दूर्भाग्य हो ? यसमा राज्यलाई महत्वपूर्ण दोषी ठान्दछु ।' ( उनीको यो भनाइ केवल पीडा होइन, राजनीतिक उपेक्षाको स्पष्ट आलोचना हो ।

उनको जीवनको अधिकांश समय मैथिली भाषा, कला र संस्कृतिको संरक्षण र प्रवर्द्धनमा बितेको छ । तर राज्यले यसको कदर गरेको छैन । सरकारी लगानी, नीतिगत मान्यता र मञ्च अभावका कारण मैथिली कला अझै उपेक्षित छ ।

अनितारानी मण्डल केवल एक कलाकार होइनन(उनी आवाज हुन्, जो मिथिलाको मौन पीडालाई मञ्चमा पोख्छिन् । उनी ऐतिहासिक साक्षी हुन्, जसले देखिन(गाउँबाट कसरी कलाकार जन्मिन्छ, कसरी समाज बदलिन्छ, र कसरी एउटा महिला सम्पूर्ण पद्धतिलाई चुनौती दिन सक्छ ।

उनको यात्रा मैथिली भाषाकी आवाज हो, संस्कृतिको प्रतीक हो, र नारी शक्तिको जीवन्त उदाहरण हो ।

# लालपुर्जाको झन्झटले साना किसान बञ्चित: डा. सिके राउतको चेतावनी

दैनिक समाचारदाता
सप्तरी, १३ साउन । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले डिप बोरिङ जस्ता सिँचाइ योजनाका लागि अनिवार्य गरिएको 'लालपुर्जा' पेश गर्नुपर्ने सरकारी प्रावधान तत्काल खारेज गर्न माग गर्नुभएको छ।

उहाँले यस प्रावधानले साना तथा वास्तविक किसानहरू योजना पहुँचबाहिर पर्ने खतरा बढाएको बताउँदै, कृषि मन्त्रालयका मन्त्री, सचिव, मातहत कार्यालय प्रमुख तथा कृषि ज्ञान केन्द्रका प्रमुखहरूलाई सामाजिक सञ्जालमार्फत सार्वजनिक रूपमा प्रश्न गर्दै भन्नुभएको छ, "लालपुर्जा जम्मा गर्नुपर्ने अनावश्यक दुःख किन?"



डा. राउतले मधेशमा अधिकांश किसानसँग नागरिकताको प्रतिलिपि दिने कुरामा समेत हिचकिचाहट देखिने उल्लेख गर्दै, ४०-४० बिघाको लालपुर्जा संकलन गर्नु व्यवहारिक नहुने स्पष्ट पार्नुभएको छ। उहाँले भनेका छन्, "एक जनासँग मुस्किलले २-४ कट्ठा जमिन मात्र हुन्छ। त्यस अवस्थामा योजनाका लागि २००-४०० किसानसँग समन्वय गरेर लालपुर्जा संकलन गर्नुपर्ने हुन्छ, जुन सम्भव छैन।"

उहाँका अनुसार यस्ता झन्झटिलो प्रक्रियाका कारण डिप बोरिङजस्ता प्रभावकारी सिँचाइ योजना कार्यान्वयनमै जान सकिरहेको छैन। "ठूला किसान वा जमिन्दारलाई त डिप बोरिङ लगाउन सजिलो हुन्छ, तर साना र गरिब किसान भने यो सुविधा प्राप्त गर्न सक्दैनन्," उहाँले गुनासो गर्नुभयो।

डा. राउतले कृषि क्षेत्रमा सुधार ल्याउन नीतिहरू साना तथा वास्तविक किसानलाई लक्षित गरी बनाउनुपर्ने आवश्यकता औंल्याउँदै, लालपुर्जासम्बन्धी अनावश्यक कडाइ हटाउन सरकारसँग आग्रह गर्नुभएको छ।

"नीति किसानमुखी हुनुपर्छ, कागजमुखी होइन," भन्दै उहाँले कृषिमा पहुँचका नाममा देखाइएको प्रशासनिक झन्झटले किसानहरूलाई निरुत्साहित बनाइरहेको चेतावनी दिनुभएको छ।

# इराकमा तैनाथ शान्ति सैनिक स्वदेश फिर्ता



काठमाडौँ, १३ साउन । संयुक्त राष्ट्रसङ्घको आह्वानमा इराकमा शान्ति स्थापनाका निम्ति परिचालित शान्ति सैनिकको टोली फिर्ता भएको छ । आगामी पुर १६गतेसम्ममात्र राष्ट्रसङ्घको इराक 'मिसन'सञ्चालन गर्ने योजनाअनुसार २७ जनाको अन्तिम टोली आज स्वदेश फिर्ता भएको हो ।

नेपाली सेनाको जनसम्पर्क सूचना निर्देशनालयका अनुसार यसअघि इराक मिसनबाट तीनवटा टोलीको स्वदेश आगमन भइसकेको छ । रासस

# अनुदान कटौतीले उखु किसान आन्दोलित

दैनिक समाचारदाता
सर्लाही, १३ साउन । सरकारले अनुदान रकम कटौती गरेपछि उखु किसान आन्दोलनको तयारीमा जुटेका छन् । चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा उखुको अनुदानका लागि सरकारले आवश्यक बजेट विनियोजन गरेको छैन । २०६६ सालदेखि निरन्तर प्राप्त गर्दै आइरहेको अनुदान रकम कटौती हुँदा उखु किसान आन्दोलनको तयारीमा जुटेका हुन् ।

उखु उत्पादक किसान सङ्घका केन्द्रीय अध्यक्ष राजकुमार उप्रेतीले उखुको अनुदान कटौती गर्ने निर्णयविरुद्ध साउन १५ पछि सशक्त आन्दोलनमा उत्रने तयारी गरिएको जानकारी दिनुभयो । गत वर्षकै अनुदानसमेत आधा कटौती गरेर प्रतिक्विन्टल ७० रुपियाँको साटो ३५ रुपियाँ मात्रै दिने तयारी भइरहेकोप्रति उप्रेतीले आक्रोश व्यक्त गर्नुभयो ।

सरकारले अनुदान रकम कटौती गर्दा किसान उखु खेतीबाट पछि हट्ने अवस्था सिर्जना भएको उहाँले बताउनुभयो ।

"१६ वर्षदेखि पाउँदै आएको अनुदान रकम कटौती गर्ने निर्णयले अब उखु खेती गर्ने किसान नै हुँदैनन्," उप्रेतीले भन्नुभयो, "हामीले लामो सङ्घर्ष गरेर अनुदान प्राप्त गरेका थियौँ । अब फेरि यसलाई निरन्तरता दिन अर्को सशक्त आन्दोलनको तयारी गर्दै छौँ ।"

यसअघि प्रत्येक वर्ष उखुको मूल्य निर्धारण गर्ने समयमै लागत अनुसार मूल्य नतोकिँदा हतोत्साही हुने गरेका किसान सरकारले अब अनुदानसमेत कटौतीपछि निराश बनेका उप्रेतीको भनाइ छ ।

अध्यक्ष उप्रेतीले चिनी उत्पादन भएपछि भ्याटबाट मात्रै राज्यले दुई अर्ब राजस्व उठाउने र त्यसबाट उखु किसानलाई अनुदान दिँदा डेढ अर्ब मात्रै खर्च हुने भएकाले राजस्वको बहाना गरेर किसानले पाउँदै आएको अनुदान रकम कटौती गर्न नमिल्ने तर्क गर्नुभयो ।



सर्लाहीको हरिवन नगरपालिका-७, घुर्कौलीका किसान देवराज चौलागाईंले उखुको अनुदान रकम कटौती गरेपछि किसानलाई ठुलो मर्का पर्ने गुनासो गर्नुभयो । किसानलाई सहुलियत दिनुपर्ने अवस्थामा पाउँदै आएको अनुदानसमेत कटौती गरेर उखु खेती नै छाड्ने अवस्थामा पुर्‍याएको चौलागाईंले बताउनुभयो ।

यो वर्षदेखि उखुमा अनुदान दिन बजेट विनियोजन नगरेको सरकारले गत वर्ष मङ्सिरदेखि चैतभित्रमा चिनी मिललाई उखु बिक्री गरेका किसानलाई अनुदान रकम दिन सकेको छैन । उखु खेती हुने प्रत्येक जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालय ( कोलेनिका) ले गत वर्षको उखु क्रसिङ परिमाणको विवरण अर्थ मन्त्रालयमा पठाइसकेको छ ।

सर्लाहीका प्रमुख कोष नियन्त्रक पुष्पप्रसाद गुरागाईंले जिल्लाका तीन वटा चिनी मिलमा गत वर्ष उखु किसानले बिक्री गरेको ५३ करोड ४२ लाख ७९१.१३ क्विन्टल उखुको ३७ करोड ३९ लाख ९५ हजार ३७९ रुपियाँ १० पैसा अनुदान रकम निकासा गरिदिन माग गरिएको जानकारी दिनुभयो ।

# लागूपदार्थसहित २३ जना पक्राउ

दैनिक समाचारदाता
काठमाडौँ, १३ साउन । बितेका २४ घण्टामा देशका विभिन्न भागबाट लागूपदार्थसहित २३ जना पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौँ, ललितपुर, झापा, कैलाली, कञ्चनपुर, सप्तरी, कास्की, स्याङ्जा, सुनसरी, मकवानपुरबाट उनीहरूलाई पक्राउ गरिएको हो ।

काठमाडौँको गोकर्णेश्वर नगरपालिका-८ अत्तरखेलबाट खैरो हेरोइन जस्तो देखिने पदार्थसहित दुई जना,भद्रपुर नगरपालिका-५ मेचीपुलबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ बोकेका दुई जना, कञ्चनपुरको बेलौरी नगरपालिका-६ नकैयाबाट दुई जना कैलालीको धनगढी उपमहानगरपालिका-२ बाट दुई जना, धनगढी उपमहानगरपालिका-१४ खुटिया टोलबाट दुई जनालाई पक्राउ गरिएको हो ।

सप्तरीको शम्भुनाथ नगरपालिका-६ कठौना बस्ने २७ वर्षीय रामकुमार साहलाई दुई किलो २५ ग्राम गाँजासहित एक जना,ललितपुर, महालक्ष्मी नगरपालिका-१ इमाडोलबाट दुई जना, पोखरा महानगरपालिका-२ बाग्लुङ बसपार्कबाट एक, स्याङ्जा, गल्याङ नगरपालिका-१ राम्दिबाट एक जनालाई लागूऔषधसहित पक्राउ गरिएको जनाइएको छ ।

यसैगरी, सुनसरीको बराहक्षेत्र नगरपालिका-७ किरात चोकबाट सात जना, मकवानपुरको हेटौँडा उपमहानगरपालिका-१३ आदामारबाट एक जना पक्राउ परेका समाचारकक्षको आज दिउँसोको समाचार बुलेटिनमा उल्लेख छ ।

# सडक दुर्घटनामा १८ हिन्दु तीर्थयात्रीको मृत्यु


नयाँदिल्ली, १३ साउन । मङ्गलबार पूर्वी भारतमा मङ्गलबार हिन्दु तीर्थयात्री बोकेको बस खाना पकाउने ग्यास सिलिन्डर भरिएको ट्रकसँग ठोक्किएपछि कम्तीमा १८ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

झारखण्ड राज्यको घटनास्थलबाट प्राप्त दृश्यहरूले बसको भग्नावशेष देखाएको छ । यसको पछाडिको भाग लगभग पूर्ण पमा जलेको थियो ।

स्थानीय सांसद निशिकान्त दुबेले तीर्थयात्रीहरू उपमहाद्वीपमा मनसुनको सुरुआतसँगै पवित्र श्रावण महिना मनाउन हिन्दु तीर्थस्थलतर्फ जाँदै गरेको बताउनुभयो ।

"बस र ट्रक दुर्घटनामा १८ जना भक्तको ज्यान गएको छ", दुबेले सामाजिक सञ्जालमा भन्नुभयो ।

तीर्थयात्रीहरूले संहारका हिन्दु देवता भगवान् शिवलाई अर्पण गर्न गङ्गाबाट पवित्र पानी



बोकेका थिए ।

प्रधानमन्त्री नरेन्द्र मोदीले 'ज्यान गुमाउने भक्तहरूका परिवारजनहरूप्रति गहिरो समवेदना' व्यक्त गर्नुभयो ।

उहाँको कार्यालयले सामाजिक सञ्जालमा भनेको छ, "झारखण्डको देवघरमा भएको सडक दुर्घटना अत्यन्त दुःखद छ ।"

आधिकारिक तथ्याङ्कअनुसार भारतमा हरेक वर्ष सडक दुर्घटनामा दशौँ हजार मानिस मर्छन् ।

सन् २०२३ मा सडक दुर्घटनामा एक लाख ७२ हजारभन्दा बढीको मृत्यु भएको यातायातमन्त्री नितिन गडकरीले स ं स द ् ल ा इ ' बताउनुभयो ।

गत नोभेम्बरमा एउटा बस उत्तरी राज्य उत्तराखण्डमा गहिरो हिमाली खोँचमा खस्दा कम्तीमा ३६ यात्रुको मृत्यु भएको थियो भने अन्य धेरै घाइते भएका थिए । रासस/एएफपी


मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, जनकपुरधाम**
धनुषा, नेपाल

**मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०८२/४/१३ गते*

यस कार्यालयको लागि आ.व. २०८२/०८३ मा आवश्यक पर्ने समान तथा खरिद गर्ने सार्वजनिक खरिद ऐनको दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली २०६४को नियम १८ मा भएको कानुनी व्यवस्था बमोजिम तपशिको कार्य गर्न इच्छुक ब्यक्ति फर्म संस्था व कम्पनीले आ.व. २०८०/०८१को ब्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहितको स्थायी लेखा नं र मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली २०६४को अनुसूची २(क) बमोजिम ढाँचामा निवेदन दिनु हुन र आ.व. ०८१/०८२ मा यास कार्यालयमा सुचिकृत दर्ता गरेको तथा आ.व. २०८१/०८२ को ब्यवसायी नविकरण भएको सम्पुर्ण आवश्यक कागजातहरु संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानासार निवेदन दिनुहुन जानकारी गराईन्छ ।

**तपशिल**

१. मसलन्द छपाई तथा कार्यालय समान आपुर्ति सम्पुर्ण ।
२. फर्निचर, फिक्चर्स सम्बन्धि आपूर्ति तथा मर्मत सम्बन्धि कागजात ।
३. मेशिनरी औजार तथा इलेक्ट्रोनिक्स सामान आपुर्ति तथा मर्मत ।
४. भवन, ट्रायलसेन्टर, डि. पी. आर.सम्बन्धि मर्मत तथा निर्माण सेवा ।
५. प्रशासनिक विषयमा अध्ययन अनुसन्धान, सफ्टवयर आदि सम्बन्धि परामर्श सम्बन्धि।
६. खाना, खाजा, चिया, पानी आदि सम्बन्धि ।
७. विज्ञापन, सूचना, इमेल इन्टरनेट, कुरियर, पत्रिका आपुर्ति सम्बन्धि ।
८. इन्धन, इन्भोटर, सोलार मर्मत आपुर्ति तथा सुरक्षा गार्ड समेत सम्बन्धि


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४